जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक २६८ | २०८३ साल जेठ २० गते बुधबार (3 June 2026 Wednesday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : दलित समुदायः संघर्ष, सीप ... ३ पृष्ठमा : जातीय विभेद्को ... ३ पृष्ठमा : १६ वर्ष मुनिका बालबालिकाकालागि ...

## लालपूर्जा माग्दै दोश्रो दिन पनि नगरपालिकामा तालाबन्दी जारी, जिल्ला प्रशासन कार्यालय घेराउ



**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ।**

नगरवासीकोतर्फ गठित जनआन्दोलन परिचालन समितिको अगुवाईमा लालपूर्जा माग्दै राजविराज नगरवासीले मंगलबार जिल्ला प्रशासन कार्यालय घेराउ गरेका छन्।

जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासको अगुवाईमा नगरमा प्रदर्शन पश्चात् पुगेको टोलीले दिँउसो ४ बजेदेखी ५ बजेसम्म एक घण्टा नाराबाजी गर्दै जिल्ला प्रशासन कार्यालय घेराउ गरेका हुन्।

घेराउ कार्यक्रमपछी प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेललाई ज्ञापनपत्र समेत बुझाइएको छ। प्रधानमन्त्री, मन्त्री परिषद्को कार्यालय तथा सरोकारवाला अन्य मन्त्रालय तथा निकायलाई बोदार्थपत्र दिइएको उक्त ज्ञापनपत्रमा आफूहरुको जायज माग अविलम्ब सम्बोधन नगरिए आन्दोलनका थप सशक्त कार्यक्रमहरु घोषणा गर्ने र यसबाट उत्पन्न हुने असहज परिस्थितिको सम्पूर्ण जिम्मेवारी सम्बन्धीत कार्यालय नै हुने भनी चेतावनी समेत दिइएको छ।

यसअघि लालपूर्जाको माग गर्दै विगत १० दिनदेखी राजविराज नगरपालिका कार्यालमा धर्नामा बस्दै आएका उनीहरुले सोमबार उक्त कार्यालयमा अनिश्चितकालिन तालाबन्दी गरेका थिए। तालाबन्दी दोश्रो दिन मंगलबार पनि जारि छ।

राजविराजको मुख्यबाजार तथा आसपासका गरी ७० बिगहा क्षेत्रफलमा राजविराज नगर स्थापना कालदेखि नै बसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हालसम्म लालपूर्जा पाउन नसकेको तथा समस्या परेका बेला नगरपालिकाबाट पाएको रसिद कै आधारमा बैंक तथा वितिय संस्थामा उक्त जग्गा धितो राखीपाउँदै गरेको ऋण सुविधा पनि विगत ८ वर्ष देखि रोकिदा नगरवासी समस्यामा परेका छन्।

बि.स. २०२८ सालमा राजविराज नगरपालिका क्षेत्रको नापी हुँदा उक्त जग्गाहरू गाउँब्लकमा रहेको भनि नापीको फिल्ड बुकमा स्पष्ट उल्लेख भएको छ। यस्तै २०16 सालदेखि २०७५ साल सम्म उक्त जग्गाको खरिद बिक्री हुँदै आएको, अंशबण्डा, रजिष्ट्रेशन पास तथा बैंकमा धितो राखी ऋण पाउने गरेको, राजविराज नगरपालिकाको मिति २०८२ कार्तिक २८ गते बसेको नगर परिषदको बैठकले समेत लालपूर्जा प्रदान गर्न नापी कार्यालयलाई सिफारिश गरिसकेको भएपनि हालसम्म नगरवासी लालपूर्जा पाउनबाट बञ्चित छन्।

## पारिश्रमिक वृद्धिको माग गर्दै मजदुरहरुद्वारा प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ।**

पारिश्रमिक वृद्धिको माग गर्दै अखिल नेपाल ढुवानी मजदुर संघ सप्तरीले प्रदर्शन गरेको छ।

संघ आबद्ध मजदुरहरुले मंगलबार राजविराजमा विरोध प्रदर्शन गरेको हो।

'हाम्रो पारिश्रमिक वृद्धि गर,

***बाँकी अन्तिम पृष्ठमा***

## जेनजी प्रदर्शनको क्रममा फरार अनबारुल पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ।**

राजविराज कारागारबाट भागेका एकजना फरार प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको खडक नगरपालिका ४ घर भएका ३५ वर्षीय मोहम्मद अनबारुल छन्।

उनलाई इलाका प्रहरी कार्यालय करडबोनाबाट खटिएको टोलीले सोमबार पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

बलात्कार मुद्दामा जेल परेका अनबारुल जेनजी प्रदर्शनको क्रममा फरार भएका थिए।

## वीरगन्जका मेयर धरौटीमा रिहा

**दैनिक समाचारदाता**
**वीरगन्ज, १९ जेठ।**

वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहलाई धरौटीमा रिहा गर्न पर्सा जिल्ला अदालतले आदेश दिएको छ।

पर्सा जिल्ला अदालतका न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले उनलाई दस्तखत किर्तेतर्फ ४ लाख र झुटो विवरण पेस गरी नागरिकता बनाएको कसूरमा १५ हजार गरी कुल ४ लाख १५ हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको हो।

यसअघि अदालतबाट पक्राउ पुर्जी जारी भएपछि फरार रहेका मेयर सिंहलाई जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले मंगलबार बिहान ठोरीस्थित जंगल रिसोर्टबाट नियन्त्रणमा लिई अदालत उपस्थित गराएको थियो।

## निलम्बित प्रदेशसभा सदस्य सरोज कुमार सिंह भ्रष्टाचार मुद्दामा दोषी ठहर, कैद र जरिवानाको फैसला

**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ।**

मधेस प्रदेशका निलम्बित प्रदेशसभा सदस्य सरोज कुमार सिंहलाई विशेष अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै कैद र जरिवाना हुने फैसला सुनाएको छ।

मंगलबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले सिंहलाई ४ वर्ष १ महिना कैद र ३८ लाख ५० हजार १३९ रुपैयाँ जरिवाना हुने फैसला सुनाएको हो।

अदालतले 'अपराध पीडित संरक्षण ऐन, २०७५' बमोजिम सिंहबाट १ लाख ५४ हजार ५ रुपैयाँ ५६ पैसा क्षतिपूर्ति शुल्क असुल गरी 'पीडित राहत कोष' मा जम्मा गर्न समेत आदेश दिएको छ। साथै सिंहले घुस बापत लिएको ३८ लाख ५० हजार १३९ रुपैयाँ सरकारी कोषमा जफत गर्न भनेको छ।

महोत्तरी क्षेत्र नं. ४ 'ख' बाट निर्वाचित प्रदेशसभा सदस्य सिंहले विभिन्न उपभोक्ता समितिहरूबाट 'घुस कमिसन' बापत कुल ३८ लाख ५० हजार १३९ रुपैयाँ लिएको पुष्टि भएको अदालतले जनाएको छ। प्रतिवादी सिंहले उक्त रकम लिएको सम्बन्धमा विवाद नगरेकाले अदालतले सोही रकमलाई भ्रष्टाचारको 'बिगो' कायम गरेको छ।

उपभोक्ता समितिको खाताहरूमा जम्मा दाखिला भएको रकम आफ्नो स्वकीय सचिव विनोद कुमार लाल कायस्थ मार्फत झिक्न लगाई उक्त रकम आफ्नो र श्रीमतीको नाममा रहेको संयुक्त खातामा ३८ लाख ५० हजार १३९ रुपैयाँ जम्मा दाखिला गरेर हिनामिना गरेको अभियोगमा सिंहमाथि लागेको थियो।

**वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं।**

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेबसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैङ्किङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानुन पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पाल[illegible]
- स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कामको निगरानी आवश्यक

हामी अहिले आर्थिक वर्षको अन्त्यको नजिक नजिक छौं। आर्थिक वर्ष भन्नाले साउनदेखी असार महिना सम्मलाई भनिन्छ। आर्थिक वर्षको अन्त्यतिर सरकारीस्तरको बढी विकासीय कार्यहरु हुनेगर्दछ। सुरुदेखीको लागेको बानी जेठदेखी सुरु गरेर असारको १५ गतेसम्म विकासीय कार्यलाई जसरी पनि सम्पन्न गर्ने। सो अनुसार अहिलेदेखी नै ती कार्यहरु सम्पन्न गर्न सबै विकासीय कार्यहरुले तिब्रता पाएको छ। प्राय प्रदेश र स्थानिय तहका ती कार्यहरु आर्थिक वर्षको अन्त्यतिर नै गर्ने गरिन्छ।

आर्थिक वर्षको सुरुमा विभिन्न ती कार्यहरुको स्थलगत, कागजी प्रक्रिया तथा कार्यालय तालमेल मिलाउने गरिन्छ। र अन्त्य तिर यसलाई कार्यान्वयनका लागि बजेट निकासा गरिन्छ। वर्षभरिका लागि बिनियोति गरिएको बजेटलाई असार मसान्तभित्रै सम्पन्न गर्नुपर्ने सरकारी बाध्यता रहेकोले अहिले विभिन्न विकासीय कार्यहरुले तिब्रता लिएको छ। यसलाई अर्को शब्दमा भन्नु पर्दा बजेट सकाउनैका लागि असारे कामहरु गर्ने गरिएको बुझिन्छ। तर त्यसमा केही सकारात्मक पनि हुनेगर्दछ भने केही नामको मात्र काम हुने गरेको कुरा सबैसामु छर्लङै छ।

यसरी वर्षभरी काम नगर्ने असारमै काम गरेर बजेट सकाउने उद्देश्यले गरिने ती कामहरुको निगरानी आवश्यक छ। यस्ता असारे कामहरुप्रति अब जनता सजग हुने बेला आएको छ। सुरुदेखी लागेको बानी एकैपटक नसुध्रिने कारणले अब जनता यसप्रति खबरदारी गर्ने बेला आएको छ। तसर्थ यसप्रति हामी सचेत भएनौं भने यसले दिर्घकालिन असर पुऱ्याउनुका साथै हामी स्वयमलाई क्षति पुग्ने कुरामा दुईमत नहोला।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# दलित समुदायः संघर्ष, सीप र सम्मानको खोजी

**निरञ्जनकुमार साह**

धनुषा, १९ जेठ (रासस)।

मिथिलाको ऐतिहासिक र सांस्कृतिक केन्द्र मानिने यस जिल्लामा दलित समुदायले पनि समाज निर्माणमा महत्वपूर्ण योगदान दिँदै आएका छन्। तर, परम्परागत सामाजिक संरचना, आर्थिक अभाव र जातीय विभेदका कारण धनुषाका धेरै दलित समुदाय अझै विकासको मूलधारबाट पछाडि रहेका छन्।

धनुषामा मुख्य रूपमा डोम, चमार, पासवान, मुसहर, तत्मा, खत्वे, हलखोर, धोबीलगायत दलित समुदायको बसोबास रहेको छ। जनकपुरधाम उपमहानगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका, मिथिला नगरपालिका, सबैला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका, कमला नगरपालिका तथा ग्रामीण क्षेत्रका विभिन्न बस्तीमा यी समुदायको बसोबास उल्लेख्य रहेको छ।

जनकपुरधामको दक्षिण क्षेत्रमा बसोबास गर्दै आएका ६५ वर्षीय रामेश्वर महराले भन्नुभयो, "पहिला हाम्रो समुदायलाई समाजले हेर्ने दृष्टि धेरै फरक थियो, अहिले केही परिवर्तन आएको छ तर पूर्ण रूपमा समान व्यवहार अझै भएको छैन।" उहाँका अनुसार शिक्षाको पहुँच बढेपछि नयाँ पुस्तामा आत्मविश्वास बढेको छ।

धनुषाका दलित समुदाय परम्परागत रूपमा श्रम र सीपसँग जोडिएका छन्। चमार समुदाय छालाजन्य काम, जुत्ता निर्माण तथा कृषि मजदुरीमा संलग्न रहँदै आएको छ भने डोम समुदाय बाँसजन्य सामग्री निर्माण, बाजागाजा र विभिन्न सांस्कृतिक कार्यमा सक्रिय देखिन्छ। तत्मा समुदाय कपडा बुन्ने परम्परागत पेसासँग जोडिएको थियो तर आधुनिक बजार र उद्योगको विस्तारसँगै परम्परागत पेसा सङ्कटमा पर्दै गएको राष्ट्रिय तत्मा समाजका अध्यक्ष रामअशिष दासले बताउनुहुन्छ।

डोम समुदायका अगुवा इन्द्रजित मरिकका अनुसार अहिले धेरै युवाले परम्परागत पेसा छाडेर वैदेशिक रोजगारी रोज्न थालेका छन्। धनुषाको मुसहर समुदायको अवस्था अझै चुनौतीपूर्ण देखिन्छ। जिल्लाको पूर्वी तथा दक्षिणी क्षेत्रका धेरै मुसहर बस्तीमा गरिबी, अशिक्षा र खाद्य असुरक्षाको समस्या गम्भीर छ।

दैनिक ज्यालादारी मजदुरी गरेर जीवन चलाउने अधिकांश परिवारसँग पर्याप्त भूमि छैन। कतिपय परिवार अझै कच्ची घरमा बसोबास गर्न बाध्य छन्। आर्थिक अभावका कारण धेरै बालबालिका नियमित विद्यालय जान सक्दैनन्। सबैला नगरपालिका-१२ बर्कुवाका ५८ वर्षीय सत्यनारायण सादा भन्नुहुन्छ, "बच्चालाई विद्यालय पठाउन चाहन्छौं, तर घर चलाउनै गाह्रो हुन्छ।"

शिक्षक महावीर दास दलित बालबालिकालाई विद्यालयमा टिकाइराख्न आर्थिक सहयोगसँगै सामाजिक वातावरण पनि आवश्यक रहेको बताउनुहुन्छ। "कतिपय बालबालिका विद्यालय पुग्छन्, तर घरको आर्थिक समस्याले पढाइ निरन्तर गर्न सक्दैनन्," उहाँले भन्नुभयो। दलित छात्राको अवस्था अझ संवेदनशील देखिन्छ। प्रारम्भिक शिक्षापछि धेरै छात्रा घरेलु काम, बालविवाह र गरिबीका कारण अध्ययन छाड्न बाध्य हुने अवस्था रहेको महिला उहाँको भनाइ छ।

जनकपुरधाम तथा सहरी क्षेत्रमा विद्यालय पहुँच बढेको छ, तर ग्रामीण क्षेत्रमा दलित विद्यार्थीको विद्यालय छाड्ने दर अझै उच्च रहेको इन्सेकका मधेस प्रदेश प्रमुख एवम् मानव अधिकारकर्मी राजु पासवानले बताउनुहुन्छ।

धनुषामा दलित महिलामाथि हुने हिंसा र विभेदका घटना पनि समय-समयमा सार्वजनिक हुने गरेको छ। दलित महिला अधिकारकर्मी सुनिता राउत मेस्तरका अनुसार जातीय र लैङ्गिक विभेदको दोहोरो असर महिलाले भोगिरहेका छन्। "महिलाले घरभित्र पनि सङ्घर्ष गर्नुपर्छ, समाजमा पनि," उहाँले भन्नुभयो।

राजनीतिक क्षेत्रमा दलित समुदायको सहभागिता बढेको देखिए पनि निर्णय प्रक्रियामा प्रभावकारी भूमिका अझै कमजोर रहेको स्थानीय विश्लेषकहरू बताउँछन्। संविधानले स्थानीय तहमा दलित महिलाको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरेपछि धनुषाका विभिन्न पालिकामा दलित महिला जनप्रतिनिधि निर्वाचित भएका छन्।

धनुषामा अझै पनि जातीय विभेदका घटनाहरु पूर्णरूपमा अन्त्य हुन सकेका छैनन्। केही ग्रामीण क्षेत्रमा अन्तरजातीय विवाहलाई लिएर विवाद, सामाजिक बहिष्कार र तनाव हुने गरेको छ। यद्यपि युवा पुस्तामा जातीय सोच क्रमशः कमजोर हुँदै गएको सङ्केत पनि देखिन्छ।

राष्ट्रिय मुसहर सङ्घका अध्यक्ष चन्देश्वर सादाले सामाजिक सञ्जालले चेतना विस्तारमा भूमिका खेलेको बताउनुभयो। "पहिले दबाएर राखिने आवाज अहिले खुलेर उठ्न थालेको छ," उहाँले भन्नुभयो। धनुषाका दलित समुदायको सांस्कृतिक योगदान पनि महत्वपूर्ण मानिन्छ। विवाह, धार्मिक उत्सव र मिथिला संस्कृतिसँग जोडिएका विभिन्न बाजागाजा तथा सांस्कृतिक परम्परामा दलित समुदायको विशेष भूमिका रहँदै आएको छ।

डोम समुदायका कलाकार बिना मिथिलाका धेरै पारम्परिक संस्कार अधुरा मानिने स्थानीय संस्कृतिविद्हरू बताउँछन्। जनकपुरधामका संस्कृतिविद् पूर्वरजिस्ट्रार सत्यनारायण साहका अनुसार मिथिला संस्कृतिको जीवन्त पक्षमा दलित समुदायको योगदान ऐतिहासिक छ। "समाजले उहाँहरूको श्रम प्रयोग गऱ्यो, तर सम्मान दिन कन्जुस्याइँ गऱ्यो," उहाँले भन्नुभयो।

स्वास्थ्य क्षेत्रमा पनि दलित बस्तीमा समस्या देखिन्छ। सरसफाइ, पोषण र स्वास्थ्य सेवामा पहुँच कमजोर हुँदा बालबालिका र महिलामा विभिन्न स्वास्थ्य समस्या बढी देखिने चिकित्सक बृजमोहन रजकले बताउनुहुन्छ। "केही ठाउँमा अझै स्वास्थ्य संस्था पुग्न कठिन अवस्था छ," उहाँले बताउनुभयो। दलित बस्तीमा स्वास्थ्य सचेतना कार्यक्रम अझ प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक छ।

सरकार तथा विभिन्न गैरसरकारी संस्थाले दलित समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिरहेका छन्। छात्रवृत्ति, सीपमूलक तालिम, महिला सशक्तीकरण तथा स्वरोजगार कार्यक्रम सञ्चालन भए पनि तिनको प्रभाव अपेक्षाअनुसार व्यापक हुन नसकेको स्थानीयवासी बताउँछन्। दलित अगुवा शम्भु महराका अनुसार वास्तविक परिवर्तनका लागि शिक्षा र आर्थिक सशक्तीकरणलाई प्राथमिकता दिनुपर्छ। "आरक्षणले केही अवसर दिएको छ, तर समुदायको ठूलो हिस्सा अझै पछाडि छ," उहाँले भन्नुभयो।

धनुषाका धेरै दलित युवा अहिले उच्च शिक्षा, पत्रकारिता, राजनीति, सङ्गीत, खेलकुद र सामाजिक अभियानमा सक्रिय हुन थालेका छन्। यसले समुदायमा नयाँ आशा जगाएको स्थानीय बुद्धिजीवीहरूको भनाइ छ। जनकपुरधामकी छात्रा रञ्जिता सदा भन्छिन्, "हामीलाई अवसर चाहिएको हो, दया होइन।" कानुनी रूपमा छुवाछूत अन्त्य घोषणा गरिएको वर्षौं बितिसक्दा पनि मानसिकता परिवर्तनको गति सुस्त रहेको छ।

दलित समुदायको उत्थानका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि अधिकार र सम्मानजनक सामाजिक व्यवहारलाई एकसाथ अघि बढाउन आवश्यक छ। स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले लक्षित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। मिथिलाको सांस्कृतिक धरोहरलाई जीवित राख्न योगदान दिने दलित समुदायलाई सम्मान, अवसर र समान अधिकार दिन सके मात्र समावेशी समाज निर्माणको सपना सार्थक हुने जानकारहरू बताउँछन्। पुरानो विभेदपूर्ण संरचनासँग सङ्घर्ष गर्दै नयाँ पुस्ता शिक्षा, चेतना र अधिकारको बाटोमा अघि बढिरहेको छ। तर वास्तविक समानता स्थापित गर्न समाजको सोच, राज्यको नीति र व्यावहारिक कार्यान्वयनबीच समन्वयको खाँचो छ।

# ऊर्जा क्षेत्रमा नयाँ अभ्यास : सार्वजनिक-निजी साझेदारीमा प्रसारण लाइन

**रमेश लम्साल**

काठमाडौँ, १९ जेठ (रासस)।

पश्चिम नेपालमा निर्माण हुने ठूला जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्नका लागि सार्वजनिक-निजी साझेदारी अवधारणामा ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण हुने भएको छ।

सो आयोजना कार्यान्वयनका लागि 'वेस्ट सेती ट्रान्समिसन लिमिटेड' नामक कम्पनी स्थापना भएको छ। करिब रु २० अर्ब लागतअनुमान गरिएको आयोजनामा ३० प्रतिशत पुँजी र ७० प्रतिशत ऋण लगानीबाट जुटाइनेछ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको सञ्चालक समितिले लगानी संरचना स्वीकृत गरेसँगै कम्पनी दर्ता प्रक्रिया पूरा भएको हो।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले कम्पनीका संस्थापक साझेदारलाई सम्बोधन गर्दै ऊर्जा उत्पादनमा निजी क्षेत्रले पुऱ्याउँदै आएको योगदान अब प्रसारण पूर्वाधार विकासमा विस्तार भएको बताउनुभयो।

उहाँले प्रसारण लाइनलाई ऊर्जा क्षेत्रको 'लाइफ लाइन'को सङ्ज्ञा दिँदै यस्तो साझेदारीले ऊर्जा क्षेत्रमा नयाँ युगको सुरुआत गर्ने विश्वास व्यक्त गर्नुभयो। 'सहभागितामूलक विकास लोकतन्त्रको अभ्यास पनि हो। प्रसारण लाइनमा निजी क्षेत्रसँगको सहकार्य नेपालका लागि नयाँ अभ्यास भएकाले सरकारले यसलाई प्रोत्साहन गर्नेछ,' मन्त्री श्रेष्ठले भन्नुभयो।

विद्युत् खरिद बिक्री सम्झौतासम्बन्धी समीक्षा प्रक्रिया जारी रहेको जानकारी दिँदै उहाँले प्राप्त प्रतिवेदनका आधारमा आवश्यक निर्णय गरिने बताउनुभयो।

ऊर्जा क्षेत्रमा दिगो र विश्वसनीय आपूर्ति सुनिश्चित भए मुलुकको अर्थतन्त्रले नयाँ गति लिने र सुदूरपश्चिमको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने उहाँको भनाइ थियो।

आयोजनाको सफल कार्यान्वयनका लागि सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री श्रेष्ठले समस्या समाधान गर्न सरकार तयार रहेको बताउनुभयो। 'निजी क्षेत्रले जोखिम मोलेर अघि बढेको छ। आयोजना सफलतापूर्वक सम्पन्न गर्न सरकार आफ्नो जिम्मेवारीबाट पछि हट्दैन' उहाँले भन्नुभयो।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनीका प्रमुख कार्यकारी अधिकृत सागर श्रेष्ठले जग्गा प्राप्ति, 'राइट अफ वे' तथा वन क्षेत्रको स्वीकृतिपछि निर्माण कार्य तीव्र रूपमा अघि बढाइने जानकारी दिनुभयो। त्यसका लागि आवश्यक तयारी सुरु भइसकेको उहाँले बताउनुभयो।

कम्पनीका साझेदार समृद्धि इनर्जी लिमिटेडका अध्यक्ष शैलेन्द्र गुरागाईंले आयोजनालाई ऊर्जा क्षेत्रको 'गेम चेन्जर' परियोजनाको सङ्ज्ञा दिँदै दीर्घकालीन महत्वका कारण निजी क्षेत्र लगानी गर्न उत्साहित भएको बताउनुभयो।

नेपाल विद्युत् प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले रणनीतिक दृष्टिले पनि आयोजना अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। कम्पनीको सेयर संरचनाअनुसार सरकारी पक्षको ५१ प्रतिशत स्वामित्व रहनेछ। यसअन्तरगत राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको २६ प्रतिशत, चिलिमे जलविद्युत् कम्पनी लिमिटेडको १२ दशमलव पाँच प्रतिशत र चैनपुर सेती हाइड्रोपावर कम्पनी लिमिटेडको १२ दशमलव पाँच प्रतिशत लगानी रहनेछ।

निजी क्षेत्रतर्फ समृद्धि इनर्जी लिमिटेडको २५ दशमलव एक

*बाँकी तीन पृष्ठमा*

# जातीय विभेद्को बढ्दो त्रासदी

**राजेश विद्रोही**
काठमाडौँ, १९ जेठ (रासस) ।

सिन्धुलीका श्रीकृष्ण विकको हिरासतभित्र भएको मृत्युले सडक, सदन, सञ्चारमाध्यम र सामाजिक सञ्जालसम्म गम्भीर बहस जन्माएको छ । आफूले मन पराएकी कथित उच्च जातकी युवतीसँग अन्तरजातीय विवाह गरेपछि उनीमाथि युवती पक्षले उमेर नपुगेको आधार देखाउँदै बालविवाह र बलात्कारसम्बन्धी मुद्दा दर्ता गरायो । त्यसपछि प्रहरीले उनलाई ललितपुरबाट पक्राउ गरी खुर्कोट प्रहरी चौकी पुर्‍यायो । जहाँ हिरासतमै उनको मृत्यु भयो । प्रहरीले घटनालाई आत्महत्या भने पनि परिवार, स्थानीयवासी र अधिकारकर्मीहरूले प्रहरी यातना वा योजनाबद्ध हत्याको आशङ्का व्यक्त गर्दै निष्पक्ष छानबिनको माग गरिरहेका छन् । घटनापछि व्यापक विरोध र प्रश्न उठे पनि अहिलेसम्म न उच्चस्तरीय छानबिन समिति गठन भएको छ, न अनुसन्धान प्रक्रियाले स्पष्ट दिशा लिएको देखिन्छ । यसले राज्य संयन्त्रको संवेदनशीलता, प्रहरी प्रशासनको जवाफदेहिता र न्याय प्रणालीप्रतिको विश्वासमाथि गम्भीर प्रश्न खडा गरेको छ । श्रीकृष्ण विकको मृत्यु केवल एक व्यक्तिको मृत्यु होइन, यसले सिङ्गो प्रेम र अन्तरजातीय विवाहप्रति समाजमा रहेको विभेद्कारी दृष्टिकोण, दलित समुदायमाथिको संरचनात्मक हिंसा र कानुनी प्रक्रियाको सम्भावित दुरुपयोगलाई उजागर गरेको छ ।

नेपालमा पछिल्ला वर्षहरूमा अन्तरजातीय प्रेम र विवाह, विशेषगरी दलित-गैरदलित सम्बन्ध-सामाजिक तनाव र कानुनी विवादको विषय बन्दै गएको छ । जात नमिलेपछि सम्बन्धलाई बलात्कारको मुद्दामा रूपान्तरण गर्ने, उमेर नपुगेको आधारमा बालविवाहको अभियोग लगाउने र सहमतिमा भएको सम्बन्धलाई समेत अपराधीकरण गर्ने प्रवृत्ति बढ्दो छ । परिवार र समाजले सम्बन्ध स्वीकार नगर्दा कानुनी आरोपलाई सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग गरिएका अनेक उदाहरण छन् । रुकुम पश्चिम सोती हत्या घटनामा नवराज विकसहित छ जना युवाको हत्या अन्तरजातीय प्रेमकै कारण थियो । सर्लाहीका सत्येन्द्र राम र नेहा रौनियारको घटनामा उमेर पुगेपछि गरिएको प्रेमविवाहलाई समेत परिवार र प्रशासनिक प्रभाव प्रयोग गरेर अपराधीकरण गरियो । युवतीको उमेर कम देखाउने फर्जी जन्मदर्ता तयार गरी अपहरण, बलात्कार र बालविवाहका मुद्दा दर्ता गरिएपछि सत्येन्द्रलाई भारतको मुम्बईबाट पक्राउ गरी नेपाल ल्याइएको थियो ।

यस्तै, सप्तरीको मनोज राम र बबिता इसरको घटनामा पनि जातीय पृष्ठभूमि र उमेरलाई आधार बनाएर सम्बन्ध तोड्ने प्रयास भएको थियो । सप्तरीकै ज्योति पासवान बाहुन युवकसँग प्रेमविवाह गर्दा जातकै कारण परिवारले नस्वीकार्दा आत्महत्या गरिन । सिरहाकी रिङ्कु सदा, रौतहटका विजयराम महरा, धनुषाका शम्भु सदा र पल्टु रविदास जस्ता घटनाहरू जातीय विभेद, सामाजिक पूर्वाग्रह र प्रशासनिक कमजोरीको कठोर वास्तविकता उजागर गरेका छन् । मधेसका सिरहा, सप्तरी, धनुषा र रौतहटलगायत जिल्लामा दलित युवकले कथित गैरदलित युवतीसँग भागी विवाह गर्दा अपहरण, बलात्कार, बालविवाह र ज्यान मार्ने उद्योगजस्ता मुद्दा दर्ता गराउने प्रवृत्ति बढेको छ । धेरै घटनामा युवतीको सहमतिपूर्ण सम्बन्धलाई समेत परिवार र समाजको जातीय दबाबका कारण अपराधीकरण गरिएको छ । यसरी दलित युवाले प्रेम गरेकै कारण किन बारम्बार हिंसा, पक्राउ र मृत्युको सामना गर्नुपरेको छ ?

पछिल्ला वर्षहरूमा हिरासतभित्र मृत्यु भएका धेरै व्यक्तिहरू आदिवासी जनजाति, दलित तथा अन्य सीमान्तकृत समुदायकै छन् । इन्सेकको प्रतिवेदन अनुसार एक वर्षमा ८८ जनाको प्रहरी हिरासतमा मृत्यु हुने गरेको छ । यसमा ५२ प्रतिशत दलित सिमान्तकृत समुदायकै हुन्छन्, जसमध्ये प्रहरी प्रतिवेदनले ५६ प्रतिशत आत्महत्या भनिएको छ । यसरी धेरै घटनालाई आत्महत्या भन्दै निष्कर्ष निकाल्ने प्रवृत्तिले राज्यप्रतिको अविश्वास झन् गहिरो बनाएको छ । दलित महिला सङ्घका अनुसार अन्तरजातीय विवाह गरेका ३१.७ प्रतिशत जोडीले विभिन्न कानुनी तथा सामाजिक प्रताडना भोग्नुपरेको छ । विशेषगरी दलित पुरुष-गैरदलित महिला सम्बन्धमा अपहरण, बलात्कार र बालविवाहका उजुरी दर्ता गरिने प्रवृत्ति बढी देखिएको उल्लेख छ । अन्तरजातीय प्रेमलाई अझै पनि नेपाली समाजका धेरै हिस्साले व्यक्तिगत अधिकारका रूपमा स्वीकार गर्न सकेका छैनन् । दलित युवाले गैरदलित युवतीसँग प्रेम गर्दा कानुनी मुद्दा, सामाजिक आक्रमण र हिरासतको जोखिम झेल्नुपर्छ भने दलित युवतीहरूले बहिष्कार, अपमान र मानसिक हिंसा सहनुपरेको छ । राज्यले एकातिर अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने नीति ल्याउँछ, अर्कोतर्फ त्यही कारण हिंसामा परेकाहरूलाई न्याय दिन भने असफल देखिन्छ ।

नेपालको संविधानले समानता, स्वतन्त्रता र विभेदविरुद्धको अधिकार सुनिश्चित गरेको छ । कानुनले अन्तरजातीय विवाहलाई वैध मानेको छ । तर व्यवहारमा समाज अझै पनि जात, वर्ग, पितृसत्ता र परिवारको इज्जत भन्ने पुरानो मानसिकताबाट मुक्त हुन सकेको छैन । महिलाको स्वतन्त्र निर्णयलाई परिवारको नियन्त्रणभन्दा बाहिर स्वीकार गर्न नसक्ने सोचले प्रेम सम्बन्धलाई सामाजिक अपराधजस्तो बनाइदिएको छ । नेपालमा विवाहका लागि महिला र पुरुष दुवैको न्यूनतम उमेर २० वर्ष तोकिएको छ । बालविवाह रोक्न यो कानुनी व्यवस्था आवश्यक भए पनि कतिपय अवस्थामा यही कानुन प्रेम सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग भइरहेको छ । विशेषगरी अन्तरजातीय सम्बन्धमा युवतीका परिवारले नाबालिगको आधार देखाएर युवकविरुद्ध बलात्कार वा बालविवाहको उजुरी दिने क्रम बढेको छ । सहमतिमा भएको सम्बन्धलाई सामाजिक दबाबका कारण जबर्जस्ती करणीको रूपमा व्याख्या गरिँदा कानुनको मूल उद्देश्य नै कमजोर बन्दै गएको छ ।

युनिसेफ र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को २०२४ को अध्ययनअनुसार नेपालमा करिब ५० लाख महिलाले बालविवाहको अनुभव गरिसकेका छन् भने १३ लाखभन्दा बढी बालिका १५ वर्षअघि नै विवाहमा बाँधिएका छन् । नेपाल विश्वमै बालविवाहको उच्च दर भएका देशमध्ये पर्छ । अध्ययनहरूले ३३ प्रतिशत बालिका र ९ प्रतिशत बालक १८ वर्ष नपुग्दै विवाह गर्ने गरेको देखाएका छन् । कोभिड महामारीपछि बालविवाहको दर अझ बढेको तथ्याङ्क पनि सार्वजनिक भएका छन् । तर विडम्बना के छ भने वास्तविक बालविवाहका घटनामा राज्य संयन्त्र कमजोर देखिन्छ । जबकि अन्तरजातीय सम्बन्धका घटनामा कानुनको प्रयोग अस्वाभाविक रूपमा तीव्र हुने गरेको आरोप बढ्दो छ । अर्कोतर्फ, नेपालमा यौन हिंसाका वास्तविक घटना पनि गम्भीर सामाजिक सङ्कटका रूपमा रहेका छन् । आर्थिक वर्ष २०७५/७६ देखि पाँच वर्षको अवधिमा ११ हजार सात सयभन्दा बढी बलात्कारका घटना दर्ता भएका थिए । औसतमा दैनिक सातभन्दा बढी महिला बलात्कारको सिकार भएका छन् । १० वर्षमुनिका सयौं बालिकासमेत पीडित रहेको तथ्यांकले अवस्था झन् भयावह देखाउँछ । त्यसैले वास्तविक बलात्कार र जबर्जस्ती करणीका घटनालाई कमजोर बनाउने गरी संवेदनशील कानुनको दुरुपयोग हुनु झन् खतरनाक पक्ष हो ।

नेपालको ग्रामीण समाजमा अझै पनि जातीय शुद्धताको सोच बलियो छ । दलित युवकले कथित उच्च जातकी युवतीसँग विवाह गर्दा परिवारको सामाजिक प्रतिष्ठा गुम्ने भयले हिंसा, धम्की र झुटा मुद्दासम्मको सहारा लिने प्रवृत्ति देखिन्छ । कतिपय घटनामा युवतीलाई घरमै नजरबन्द गर्ने, युवकलाई कुटपिट गर्ने, गाउँनिकाला गर्ने वा प्रहरी प्रशासन प्रयोग गरेर सम्बन्ध छुट्याउने प्रयास गरिन्छ । अझ गम्भीर पक्ष के छ भने यस्ता घटनाको छानबिन गर्ने संयन्त्रहरूमा पनि प्रभावशाली पक्षकै दबाब देखिने गरेको आरोप बारम्बार उठ्ने गरेको छ । यद्यपि, वास्तविक बालविवाह र जबर्जस्ती करणीका घटनालाई कम आँक्न मिल्दैन । गरिबी, अशिक्षा, लैंगिक विभेद, दाइजो प्रथा र सामाजिक असुरक्षाले बालविवाहलाई अझै बढावा दिइरहेका छन् । किशोरी गर्भावस्था पनि ठूलो चुनौती बनेको छ । अध्ययनअनुसार कर्णाली प्रदेशमा किशोरी गर्भावस्था २१ प्रतिशतसम्म पुगेको छ । त्यसैले समाधान कानुनको दुरुपयोगमा होइन्, न्यायपूर्ण कार्यान्वयन र सामाजिक चेतनाको विकासमा खोजिनुपर्छ ।

सहमतिमा रहेका वयस्कबीचको सम्बन्धलाई जातका आधारमा अपराधीकरण गर्नु मानव अधिकारविरुद्धको अभ्यास हो । कानुनले वास्तविक हिंसा र जबर्जस्तीलाई दण्डित गर्नुपर्छ, प्रेमलाई होइन । प्रहरी प्रशासनले सामाजिक दबाबभन्दा प्रमाण, सहमति र संवैधानिक अधिकारका आधारमा अनुसन्धान गर्ने संस्कार विकास गर्न आवश्यक छ । राज्यले अन्तरजातीय विवाहलाई केवल प्रोत्साहन कार्यक्रमको रूपमा होइन, सामाजिक न्याय र समानताको प्रश्नका रूपमा हेर्नुपर्छ । आज नेपालमा प्रश्न केवल प्रेमको होइन, नागरिक स्वतन्त्रता, जात व्यवस्था र कानुनी न्यायको पनि हो । यदि एक जना युवाले आफ्नो जीवनसाथी रोज्ने अधिकार प्रयोग गर्दा जातका कारण बलात्कार वा बालविवाहको अभियोग भोग्नुपर्छ भने त्यो लोकतान्त्रिक समाजको गम्भीर असफलता हो । जातीय विभेदको अन्त्य संविधान लेखेर मात्र हुँदैन्, समाजले प्रेमलाई अपराध होइन, अधिकारका रूपमा स्वीकारेपछि मात्रै सम्भव हुन्छ । र, यसलाई राज्यले एउटा अभियानकै रुपमा अगाडि बढाउनुपर्छ । जसले मात्र विभेद रहित समाजिक एकरुपता सहितको मानवीय समाजको स्थापना गर्न सकिन्छ । जो आजको युगको आवश्यकता हो ।

### ऊर्जा क्षेत्रमा ...

प्रतिशत, डादी ग्रुप पावर लिमिटेडको सात प्रतिशत र स्युरी डादी पावर लिमिटेडको छ दशमलव नौ प्रतिशत सेयर रहनेछ । बाँकी १० प्रतिशत सेयर सर्वसाधारणका लागि छुट्याइएको छ ।

बभाङको जयपृथ्वी नगरपालिका-१ स्थित चैनपुर सबस्टेसनदेखि डोटीको बनलेक हुँदै कैलालीको बर्दगोरिया गाउँपालिका-२ स्थित दोधोधरा सबस्टेसनसम्म करिब १४५ किलोमिटर लम्बाइको ४०० केभी डबल सर्किट प्रसारण लाइन निर्माण गरिनेछ ।

आयोजनाअन्तर्गत चैनपुरमा १६० एमभीए र बनलेकमा ३१५ एमभीए क्षमताका सबस्टेसन निर्माण गरिने छ । आयोजनाका लागि आवश्यक जग्गा प्राप्ति तथा प्रारम्भिक सर्वेक्षण सम्पन्न भइसकेको छ भने निर्माण अवधि पाँच वर्ष निर्धारण गरिएको छ ।

यो प्रसारण लाइनमार्फत ७५० मेगावाटको पश्चिम सेती जलविद्युत् आयोजना, ४५० मेगावाटको सेती नदी-६ आयोजना, १७० मेगावाटको अपर सेती आयोजनालगायत सेती नदी प्रणाली तथा यसका सहायक नदीमा निर्माण हुने विभिन्न आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गरिनेछ ।

करिब दुई हजार ५०० मेगावाटसम्म विद्युत् निकासी क्षमता विकास गर्ने लक्ष्य राखिएको यस आयोजनाले राष्ट्रिय विद्युत् प्रणालीको विश्वसनीयता बढाउनुका साथै सीमापार विद्युत् व्यापार, ऊर्जासुरक्षा र दीर्घकालीन ऊर्जा विकास रणनीतिलाई समेत सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

नेपालमा सार्वजनिक-निजी साझेदारी ढाँचामा विकास हुन लागेको प्रमुख प्रसारण पूर्वाधारमध्येको यो आयोजना ४०० केभी तहको प्रसारण लाइन क्षेत्रमा कोसेढुङ्गा सावित हुने विश्वास गरिएको छ । वेस्ट सेती ट्रान्समिसन लिमिटेड २०८३ जेठ १३ गते औपचारिक रूपमा दर्ता भइसकेको छ भने आवश्यक नियामकीय स्वीकृतिपछि निर्माण प्रक्रिया अघि बढाइने जनाइएको छ ।

## विश्व समाचार

### १६ वर्ष मुनिका बालबालिकाकालागि सामाजिक सञ्जालमा प्रतिबन्ध

माले, १९ जेठ (रासस/सिन्ह्वा) ।

माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइजुले माल्दिभ्स सरकारले १६ वर्ष मुनिका बालबालिकाहरूलाई साइबर अपराध र अन्य खतराहरूबाट जोगाउन विभिन्न सामाजिक सञ्जालमा पहुँच प्रतिबन्ध लगाउने घोषणा गरेको  बताउनुभएको छ ।

साप्ताहिक पत्रकार सम्मेलनमा सोमबार बोल्दै मुइजुले अनलाइन तथा साइवर अपराधबाट  बालबालिकाहरूलाई जोगाउनु स्वदेश तथा विदेशमा रहेका अभिभावकहरूका लागि प्रमुख चिन्ताको विषय बनेको बताउनु भएको छ ।

सरकारले नयाँ साइवर नीति तयार गर्दा अष्ट्रेलिया सहित अन्य देशहरूमा लागु गरिएका नियमहरूको अध्ययन गर्ने उहाँले बताउनु भएको छ ।

प्रस्तावित प्रतिबन्धले बालबालिकाका लागि जोखिमपूर्ण मानिने सामाजिक सञ्जालको प्रयोगहरूलाई लक्षित गर्ने मुइजुले बताउनु भएको छ । सरकारले सान्दर्भिक प्रविधि कम्पनीहरूसँग परामर्श गर्ने र सामाजिक सञ्जालका मालिकहरूसँग उनीहरूको सेवाहरू माल्दिभ्सको कानून अनुरूप सम्भव बनाउन समन्वय गर्ने  जनाएको छ ।

राष्ट्रपति मुइजुका  अनुसार यस उपाय र सर्तकताका लागि विद्यमान साइबर सुरक्षा कानुनमा संशोधन आवश्यक पर्नेछ ।

प्रतिबन्धहरूले बालबालिकाको शिक्षा वा अनलाइनबाट सिक्ने क्षमतामा बाधा नपुग्ने तर सुरक्षित डिजिटल वातावरण सिर्जना गर्न मद्दत गर्ने मुइजुले प्रष्ट पार्नु भएको छ ।

सरकारले निर्धारित नियमहरुलाई छिटै अन्तिम रूप दिने र सार्वजनिक परामर्श पछि एक वर्ष भित्र पुर्ण प्रतिबन्ध लगाउने लक्ष्य राखेको पीएसएम न्यूजले जनाएको छ ।

### भारत-अमेरिका व्यापार सम्झौता नजिक

नयाँदिल्ली, १९ जेठ (रासस/एएफपी) ।

भारत र संयुक्त राज्य अमेरिका पहिलो चरणको द्विपक्षीय व्यापार सम्झौतामा लगभग अन्तिम चरणमा पुगेको वाणिज्य मन्त्रीले जानकारी दिनुभएको छ । दुवै देशबीच लामो समयदेखि जारी वार्ता तीव्र बनेसँगै प्रारम्भिक सम्झौताको ‘करिब ९९ प्रतिशत’ काम पूरा भइसकेको दाबी गरिएको छ ।

अमेरिकी प्रतिनिधिमण्डल दक्षिण र मध्य एसियाका लागि सहायक अमेरिकी व्यापार प्रतिनिधि ब्रेन्डन लिन्चको नेतृत्वमा मङ्गलबार नयाँदिल्ली पुगेपछि तीन दिनसम्म औपचारिक वार्ता सुरु भएको हो । यो वार्तालाई दुवै देशबीच व्यापारिक सम्बन्धलाई नयाँ चरणमा पुर्‍याउने निर्णायक प्रयासका रूपमा हेरिएको छ ।

भारतीय वाणिज्य मन्त्री पियुष गोयलले सोमबार नयाँदिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै अधिकांश विवादित विषयहरू समाधान भइसकेको बताउनुभयो । उहाँका अनुसार अब करिब ९९ प्रतिशत मुद्दा टुङ्गो लागिसकेको छ र केवल केही प्राविधिक तथा अन्तिम विवरणहरूमा छलफल बाँकी छ ।

भारत र अमेरिका यसअघि फेब्रुअरीमा व्यापार सम्झौताको प्रारम्भिक समझदारीमा पुगेका थिए । तर अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पका केही व्यापक करसम्बन्धी निर्णयहरूलाई खारेज गरेपछि वार्ता केही समय सुस्त बनेको थियो । त्यसपछि अमेरिकी प्रशासनले भारतसहित विभिन्न देशहरूमा अनुचित व्यापार अभ्याससम्बन्धी अनुसन्धान सुरु गर्नुका साथै १० प्रतिशत शुल्क लागू गरेको थियो ।

मन्त्री गोयलका अनुसार हालको वार्तामा विशेषगरी हालैका अमेरिकी कानूनी परिवर्तनहरूलाई अन्तिम सम्झौताको पाठमा कसरी समावेश गर्ने भन्ने विषयमा विस्तृत छलफल भइरहेको छ । उहाँले दुवै पक्षले कानूनी र प्राविधिक पक्षहरूको मिलानमा ध्यान दिइरहेको बताउनुभयो ।

“म पूर्ण रूपमा विश्वस्त छु कि हामी संयुक्त राज्य अमेरिकासँग द्विपक्षीय व्यापार सम्झौताको पहिलो भाग समाप्त गर्नेछौँ र हस्ताक्षर गर्नेछौँ”, गोयलले भन्नुभयो । उहाँका अनुसार त्यसपछि अझ विस्तृत र व्यापक व्यापार सम्झौताको दोस्रो चरणमा छलफल अघि बढाइनेछ ।

उहाँले वार्ताको सूक्ष्म पक्षबारे टिप्पणी गर्दै ‘साना विवरणहरू, अनिवार्य रूपमा अल्पविराम र पूर्ण विरामहरूमा छलफलहरू जारी छन्’” भन्नुभयो । यसले अन्तिम मस्यौदामा प्राविधिक भाषा मिलानमा केन्द्रित काम भइरहेको सङ्केत गर्छ ।

यसैबीच, अमेरिकी राजदूत सर्जियो गोरले गत हप्ता नै आगामी केही हप्ताभित्र अन्तरिम व्यापार सम्झौतामा हस्ताक्षर हुन सक्ने अपेक्षा व्यक्त गर्नुभएको थियो । यसले दुवै देशबीच राजनीतिक तथा आर्थिक तहमा सहमति लगभग अन्तिम चरणमा पुगेको सङ्केत दिएको छ ।

वासिङ्टन र नयाँदिल्लीले सन् २०३० सम्ममा द्विपक्षीय व्यापारलाई ५० हजार करोड अमेरिकी डलरसम्म पुर्‍याउने महत्त्वाकांक्षी लक्ष्य राखेका छन् । त्यसका लागि बजार पहुँच विस्तार र कर विवाद समाधानलाई प्राथमिकता दिँदै मार्चदेखि निरन्तर वार्ता हुँदै आएको छ ।

भारतले भने यो सम्झौताले आफ्नो निर्यातकर्ताका लागि विशाल अमेरिकी बजारमा पहुँच विस्तार गर्ने अपेक्षा राखेको छ भने संवेदनशील दुग्ध तथा कृषि क्षेत्रको संरक्षणलाई पनि प्राथमिकतामा राखिएको स्पष्ट पारेको छ । भारतका अनुसार करिब ३० लाख करोड डलर बराबरको बजार अवसर खुल्ने सम्भावना यस सम्झौतासँग जोडिएको छ ।

# महोत्तरी र पर्सा बिजयी




**दैनिक समाचारदाता**
**राजविराज, १९ जेठ ।**

सप्तरी क्रिकेट संघको आयोजनामा राजबिराजमा संचालित मधेश प्रदेशस्तरीय यू-१९ तथा सिनियर महिला छनोट टी-ट्वान्टी क्रिकेट प्रतियोगितामा मंगलबार सम्पन्न खेलहरूमा महोत्तरी र पर्साले जित हासिल गरेको छ ।

राजबिराजस्थित पविमावि क्रिकेट मैदानमा सम्पन्न पहिलो खेलमा महोत्तरीले बारालाई १ सय २ रनको फराकिलो अन्तरले पराजित गर्दै जित हासिल गरेको हो ।

निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै महोत्तरीले १ सय ५६ रनको प्रतिस्पर्धात्मक योगफल तयार गरेको थियो । महोत्तरीका लागि आरती महतोले शानदार ६४ रनको योगदान दिएकी थिइन् । यस्तै सिमा कुमारीले २० तथा गिना कुमारी महतोले ११ रन थपेकी थिइन् ।

बलिङतर्फ बाराका मन्जु खड्काले २ विकेट लिइन् भने प्रतिमा साह, निर्मला साह र प्रियंका यादवले समान १/१ विकेट हात पारिन् ।

एक सय ५७ रनको लक्ष्य पछ्याएको बारा महोत्तरीको कसिलो बलिङ अगाडि टिक्न नसक्दा ठूलो अन्तरले पराजित हुन पुग्यो । उत्कृष्ट प्रदर्शन गरेकी आरती महतो खेलको 'प्लेयर अफ द म्याच' घोषित भइन्।

यसैगरी मंगलबारै सम्पन्न दोस्रो खेलमा पर्साले रौतहटलाई १० विकेटले पराजित गरेको छ । टस जितेर पहिले ब्याटिङ गरेको रौतहट १३ ओभर ४ बलमा सबै विकेट गुमाउँदै मात्र ५३ रनमा समेटिएको थियो । रौतहटका लागि मोनिका साहले १३ तथा भूमि सिंहले १२ रन बनाएका थिए ।

पर्साको बलिङमा आरुषी यादवले उत्कृष्ट प्रदर्शन गर्दै महत्वपूर्ण ५ विकेट हात पारिन् । त्यस्तै सिन्धु यादवले २ विकेट तथा साना परविनले १ विकेट लिइन् ।

५४ रनको सामान्य लक्ष्य पछ्याएको पर्साका ओपनर साना परविन र सिवानी सिंहले अविजित साझेदारी गर्दै टोलीलाई सहज जित दिलाए । साना परविनले अविजित २१ रन तथा सिवानी सिंहले अविजित २३ रन बनाइन् । उत्कृष्ट बलिङ प्रदर्शन गरेकी आरुषी यादव खेलको 'प्लेयर अफ द म्याच' घोषित भइन् ।

# संविधान संशोधनका लागि ४४ हजार बढी सुझाव प्राप्त

काठमाडौँ, १९ चैत (रासस) ।

संविधान संशोधन बहसपत्र तयार गर्न गठित कार्यदलले संविधान संशोधनका विषयमा नागरिकबाट ४४ हजार ६१३ सुझाव प्राप्त गरेको छ ।

कार्यदलको सचिवालयले यही जेठ ८ गते एक सूचना जारी गर्दै संविधानमा गर्नुपर्ने आवश्यक सुधार तथा संशोधनका विषयमा इच्छुक नेपाली नागरिकबाट लिखित सुझाव माग गरेको थियो । सोही सूचनाअनुसार नागरिकले लिखित सुझाव दिएका हुन् ।

कार्यदलका सदस्यसचिव लिलाधर सुवेदीले १९ हजार २३९ इमेलमार्फत र २५ हजार ३७४ सुझाव सामाजिक सञ्जाल ह्वट्सएपमार्फत प्राप्त भएका जानकारी दिनुभयो । कार्यदलले संविधान संशोधन प्रक्रियामा सबै नेपाली नागरिकको सहभागिता सुनिश्चित गर्न गर्ने उद्देश्यले लिखित रूपमा सुझावका लागि आह्वान गरेको थियो ।

कार्यकारी राष्ट्रपति, सङ्घीयताको पुनरावलोकन, संवैधानिक निकायको पुनःसंरचना र पुनरावलोकन, निर्वाचन प्रणालीमा सुधार, न्यायपालिकाको सुधारका लागि प्रतिस्पर्धाबाट न्यायाधीशको नियुक्ति, जनप्रतिनिधिको योग्यता तोक्नुपर्नेलगायत विषयमा नागरिकबाट सुझाव प्राप्त भएका सदस्यसचिव सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यदलले प्राप्त सुझावहरू अध्ययन गरिरहेको छ ।

# वर्षा घट्यो, विस्तारै तराईमा तातो बढ्दै

काठमाडौँ, १९ जेठ (रासस) ।

विभिन्न प्रणालीले मौसममा बदली भएपछि पछिल्लो तीन दिन ठाउँठाउँमा वर्षा भएकाले तापक्रम घटेपछि अब विस्तारै फेरि तातो बढ्ने भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार तीन दिनको अभिलेखमा नेपालमा अधिकतम तापक्रम ३७ डिग्रीबाट माथि नचढेकामा अब फेरि तापक्रम विस्तारै उकालो लाग्ने भएको छ । मंगलबारबाटै वर्षा कम भएकाले तराईका केही क्षेत्रमा तातो लहर बढ्ने बताइएको छ । मंगलबार भैरहवामा अधिकतम तापक्रम ३७.५ डिग्री पुगेको छ ।

अहिले राति १०:०० बजेको ताजा अवस्थामा पछिल्लो एक घण्टामा देशको कुनै पनि ठाउँमा वर्षा भएको छैन । पछिल्लो २४ घण्टामा पनि दैलेखलगायत केही जिल्लामा हल्का वर्षा भए पनि अन्य क्षेत्रमा खास वर्षा रोकिएको छ । विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार जेठ १९ गते मधेस प्रदेशमा तथा कोशी प्रदेशको तराईमा तातो दिन हुने सम्भावना रहेको छ ।

देशको हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्ने छ । तराई भू-भागमा आंशिक बादल लाग्नेछ । देशको हिमाली र पहाडी भू-भागका थोरै स्थानमा तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना रहेको छ ।

बुधबार देशको हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्ने तथा तराई भू-भागमा आंशिक बादल लाग्नेछ । देशको हिमाली र पहाडी भू-भागका थोरै स्थानमा तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना रहेको छ ।

मधेस प्रदेशमा तथा कोशी, बागमती र गण्डकी प्रदेशको तराईमा तातो दिन हुने सम्भावना रहेको विभागले मंगलबार साँझ बुलेटिन जारी गरी जानकारी दिएको छ । हाल नेपालमा उपल्लो वायुमण्डलमा रहेको पश्चिमी न्यूनचापीय रेखा तथा स्थानीय वायुको प्रभाव रहेको बताइएको छ ।

# वैदेशिक रोजगार विभागद्वारा पुनः श्रम स्वीकृतिका लागि शर्त निर्धारण

काठमाडौँ, १९ जेठ (रासस) ।

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूका लागि पुनः श्रम स्वीकृति स्वचालित प्रणालीमार्फत गर्ने जनाएको छ । वैदेशिक रोजगार विभागले मंगलबार सूचना जारी गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने योजनाअनुसार पुनः श्रम स्वीकृतिलाई स्वचालित बनाइएको जनाएको हो ।

वैदेशिक रोजगार विभागले अनलाइनमार्फत स्वचालित प्रणालीबाट पुनः श्रम स्वीकृति लिँदा पालना गर्नुपर्ने नयाँ शर्तसहित विभिन्न मापदण्ड अनिवार्य गरेको हो ।

विभागका अनुसार स्वचालित प्रणालीबाट पुनः श्रम स्वीकृति आवेदन दिँदा यसअघि श्रम स्वीकृति प्राप्त गरेको देश र कम्पनीका लागि मात्र आवेदन दिएको हुनुपर्ने छ । संस्था वा कम्पनी परिवर्तन भएकाहरूको हकमा यो नियम लागू नहुने विभागले जनाएको छ ।

विभागले विज्ञप्तीमार्फत कम्तीमा तीन महिना अवधि भएको राहदानी हुनुपर्ने, भिसा वैध हुनुपर्ने, कम्पनीसँग करार सम्झौता गरेको हुनुपर्ने, सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेको हुनुपर्ने, वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गरेको हुनुपर्ने, आवधिक जीवन बिमा गरेको हुनुपर्नेलगायत शर्त अनिवार्य गरेको हो ।

अनलाइन प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र सञ्चारमैत्री बनाउन यी शर्तहरू अघि सारिएको जनाइएको छ । विभागले शर्त पूरा नभएका आवेदनलाई प्रणालीले स्वतः अस्वीकृत गर्ने भएकाले आवश्यक सजगता अपनाउन सेवाग्राहीलाई आग्रह गरेको छ ।

### *पारिश्रमिक वृद्धिको ...*

सम्पुर्ण मजदुर एकता जिन्दावाद, मजदुर मार्न पाइदैन' लगायतका नारा लगाउँदै उनीहरुले राजविराज नगरपालिकाको विभिन्न भाग परिक्रमा गरेका थिए ।

देशमा महंगीले ढाड सेकेको बेला सबैक्षेत्रमा सरकारले कर वृद्धि गरेपनि मजदुरको पारिश्रमिक वृद्धि नगरेको उनीहरुको आरोप छ ।

बर्तमान सरकार किसान, मजदुर, सुकुम्बासी तथा गरिव विपन्न विरोधी भएको आरोप लगाउँदै उनीहरूले सरकारको विभेदकारी नीतिले साहैं मारमा परेको गुनासो गरे ।

गरिव, सुकुम्बासीमाथिको दमन कायम राखिए चुप लागेर नबस्ने बताउँदै उनीहरुले दुई तिहाइको दम्भको दुरुपयोग गरिए प्रतिकार गर्ने चेतावनी दिए ।

# वीरगञ्ज नाकाबाट करिब आठ अर्बको दलहन आयात

पर्सा, १९ जेठ (रासस) ।

चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज नाका हुँदै रु सात अर्ब ९७ करोड बराबरको दलहन आयात भएको छ । यहाँबाट विभिन्न सात प्रकारका दलहन नेपाल आयात गरिएको हो ।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाकाबाट हुने आयातमा मूल्यको आधारमा रु दुई अर्ब २४ करोड अर्थात् २२ प्रतिशतले गिरावट आएको छ । जबकी गत आवको १० महिनामा यहाँबाट रु १० अर्ब २१ करोड मूल्यका दलहन आयात गरिएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवको १० महिनामा मूल्यको आधारमा दलहनको आयात २२ प्रतिशतले कमी आएको बताउनुभयो । उहाँका यस अवधिमा रु तीन अर्ब २० करोड मूल्य पर्ने मुसुरोको दाल आयात भएकामा गत आवको १० महिनामा रु चार अर्ब ५० करोडको मुसुरो दाल आयात भएको थियो ।

यसैगरी, चालु आवका १० महिनामा रु दुई अर्ब चार करोड मूल्य पर्ने सिसी/राजमा आयात भएको छ । गत वर्ष सोही अवधिमा भने रु दुई अर्ब ७४ करोडको सिमी/राजमा आयात भएको थियो । चालु आवको १० महिनामा रु एक अर्ब ९२ करोड मूल्यको चना आयात भएको छ भने गत आवको सोही अवधिमा भने रु दुई अर्ब १७ करोडको आयात भएको थियो ।

चालु आवको १० महिनामा रु ४२ करोड मूल्यको अन्य गेडागुडी आयात भएको छ भने गत आवको सोही अवधिमा रु ४५ करोड ८८ लाखको आयात भएको सूचना अधिकारी विष्टले जानकारी दिनुभयो ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*